**Kaumodaki : Journal of Multidisciplinary Studies**
[A Peer-Reviewed, Open Access Journal; Indexed in NepJoL]
ISSN : 2822 - 1567 (Print); ISSN : 2822 -1583 (Online)
Published by Research Management Cell, Shree Vinduwasini Sanskrit Vidyapeeth (Campus)
Nepal Sanskrit University, Pokhara, Nepal
https://ejournal.vsc.edu.np

# एक पुनर्निर्मित प्रेमाख्यान उपन्यासमा अस्तित्वबोध

**श्रीधर न्यौपाने**
Department of Nepali, Prithvi Narayan Campus, Pokhara, Nepal

***Article History****: Submitted 02 Dec. 2024; Reviewed 18 Dec. 2024; Accepted 23 Dec. 2024*
***Corresponding Author****: Shree Dhar Neupane,* ***Email****: shreedhar137@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/kdk.v5i1.73655*
*Copyright 2025 © the Author(s) and the Publisher*

**लेखसार**

*एक पुनर्निर्मित प्रेमाख्यान उपन्यासका पात्रमा अस्तित्वबोधको अभिव्यक्तिको अवस्थाका बारेमा विश्लेषण गर्ने उद्देश्यले प्रस्तुत लेख तयार पारिएको हो । यस लेखको विषयको क्षेत्रका रूपमा ध्रुवचन्द्र गौतमको एक पुनर्निर्मित प्रेमाख्यान उपन्यासको विश्लेषण गर्नु रहेको छ । यस लेखमा एक पुनर्निर्मित प्रेमाख्यान उपन्यासका पात्रमा अस्तित्वबोधको अभिव्यक्ति कसरी भएको छ भन्ने प्राज्ञिक जिज्ञासालाई मुख्य समस्या बनाइएको छ । बहुसत्यमा विश्वास गरिएको यस लेखमा गुणात्मक अनुसन्धानढाँचा अवलम्बन गरिएको छ । यस अध्ययनमा अस्तित्वबोधका कारण वैयक्तिक निर्णय गरेको मान्छेले भोग्नुपरेका समस्याका कारण निराशा र एक्लोपनको अनुभव गरेको हुन्छ भन्ने कुरालाई तत्त्वमीमांसाका रूपमा ग्रहण गरिएको छ र शोधदर्शनका बिचमा सामञ्जस्यसमेत कायम गरिएको छ । अध्ययनको क्षेत्र र समस्यासँग आबद्ध रहेका प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको अध्ययन गरी प्राप्त तथ्यका आधारमा पाठविश्लेषण अध्ययनविधिको उपयोगका आधारमा लेखलाई पूर्ण बनाइएको छ । यस अध्ययनमा पाश्चात्य चिन्तन परम्परामा स्थापित अस्तित्ववादी जीवनदर्शनलाई सैद्धान्तिक आधार बनाइएको छ । यसै सिद्धान्तको आशयअनुरूपका वैयक्तिक निर्णय, जीवनप्रतिको निराशा र एक्लोपनलाई सूचक बनाई निर्धारित उपन्यासको विश्लेषण गरिएको छ । विश्लेषित उपन्यासमा अस्तित्वशील पात्रले स्वत्वको विकासका निम्ति जडताबाट असन्तुष्ट भई चयनलाई अवलम्बन गर्दा समस्याको सामना गर्नुपर्दा जीवनप्रति निराशा र एक्लोपनको अनुभूति गरे पनि समस्यालाई भोग्दै जीवन बाँच्ने प्रतिबद्धता व्यक्त गर्नुले तिनमा अस्तित्वबोधको भावना रहेको छ भन्ने कुरालाई आख्यानसँग सम्बद्ध गराई अभिव्यक्त गरिएको छ भन्ने निष्कर्षात्मक प्राप्ति यस अध्ययनको रहेको छ ।*

**शब्दकुञ्जी :** निस्सार, चयन, अस्तित्वशील, जडता, समस्या

## विषयपरिचय

उपन्यासकार ध्रुवचन्द्र गौतम (२०००) द्वारा लिखित *एक पुनर्निर्मित प्रेमाख्यान* (२०७०) उपन्यासलाई अस्तित्ववादी जीवनदृष्टिका कोणबाट यस लेखमा विश्लेषण गरिएको छ । बहुमुखी प्रतिभा सम्पन्न स्रष्टा ध्रुवचन्द्र गौतमले कविता, कथा, उपन्यास, नाटक, निबन्ध सिर्जना गरी नेपाली साहित्यको विकासमा योगदान पुऱ्याएका

छन् । उनले नेपाली साहित्यमा उपन्यास सिर्जनाका माध्यमबाट प्रसिद्धि प्राप्त गरेका छन् । वि.सं. २०२४ मा अन्त्यपछि उपन्यास प्रकाशन गराई हालसम्म पनि उक्त विधामा निरन्तर सिर्जना गरेका गौतमका उनन्तिसवटा उपन्यास प्रकाशित भइसकेका छन्। 'आख्यानपुरुष' र 'आविष्कारी आख्यानकार' का रूपमा सम्मानित गौतमले नवीन प्रयोगका माध्यमबाट सामाजिक विकृति र बेथितिप्रति गहिरो ढङ्गले व्यङ्ग्य गर्नुका साथै विभिन्न जीवनदृष्टिलाई समेत सशक्त ढङ्गले अभिव्यक्त गरेका छन् । उनले उपन्यास लेखनको आरम्भदेखि अस्तित्ववादी जीवनदृष्टिलाई अभिव्यक्त गर्दै आएका र त्यस दृष्टिलाई आफ्ना सबै उपन्यासमा कम बढी मात्रामा अभिव्यक्त गरेका छन् । उनको *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा समेत अस्तित्ववादी जीवनदृष्टिलाई सशक्त ढङ्गले अभिव्यक्त गरेकाले यसै सैद्धान्तिक कोणबाट उक्त उपन्यासको विश्लेषण यस लेखमा गरिएको छ ।

जीवन निरर्थक र निस्सार रहे पनि अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै र उत्तरदायित्वलाई वहन गर्दै मानिस जीवनमा प्रवृत्त रहेको हुन्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ । जीवनजगत्का विविध पक्षलाई आख्यानात्मक ढङ्गले गद्य भाषाका माध्यमबाट अभिव्यक्त गरिने साहित्यिक विधा उपन्यासमा अस्तित्ववादी जीवनदृष्टिलाई समेत अभिव्यक्त गरेको पाइन्छ । *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासका पात्रले जीवनमा निराशाको अनुभव गरेको कुरालाई विषयबद्ध गरिएको छ । यस्तो निराशाका बिचमा पनि आफ्नो अस्तित्वका लागि क्रियाशील रहेको कुरालाई आख्यानीकरण गरेको कुरालाई प्रस्तुत गरिएको तर पात्रको अस्तित्वप्रतिको सचेततालाई आधार बनाई गरिने गहन अध्ययनको अभाव देखिएको छ । ज्ञानको यही रिक्तताको पूर्ति गर्ने उद्देश्य यस लेखमा राखिएको छ । उक्त उद्देश्य प्राप्तिका लागि *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासका पात्रमा अस्तित्वबोधको अभिव्यक्ति कसरी भएको छ भन्ने प्राज्ञिक जिज्ञासालाई मुख्य समस्या बनाई यो अध्ययन गरिएको छ ।

*एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासको अस्तित्ववादी कोणबाट विश्लेषण गर्दा वैयक्तिक निर्णय, जीवनप्रतिको निराशा र एक्लोपनलाई सूचकका रूपमा उपयोग गरिएको छ । मानिसमा अस्तित्वबोधका कारण उसले निर्णय गरेको हुन्छ भन्ने कुरा वैयक्तिक निर्णय हो । मानव जीवन निस्सार, निरर्थक भएकाले यसप्रति ऊ निराश देखिएको हुन्छ भन्ने कुरा जीवनप्रतिको निराशा हो । मानिसले गरेको निर्णयका कारण आइपरेका समस्यालाई एक्लै सामना गर्नुपर्दा उसले गरेको अनुभव एक्लोपन हो भन्ने मान्यता अस्तित्ववादको रहेको छ । *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासको अस्तित्ववादी कोणबाट विश्लेषण गर्नु यस अध्ययनको क्षेत्र र उक्त उपन्यासको विश्लेषणका लागि अन्य सिद्धान्तलाई आधार नबनाउनु यस अध्ययनको सीमा हो । यो लेख बहुसत्यमा आधारित, गुणात्मक अनुसन्धानढाँचामा आबद्ध रहेको छ । यसमा पाठविश्लेषण विधिको अवलम्बन गरिएको छ । समस्याग्रस्त जीवनलाई भोग्दै कर्ममा प्रवृत्त हुनुपर्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यताका कोणबाट गरिएको यो अध्ययन नवीन, मौलिक र लोकका लागि समेत उपयोगी रहेकाले औचित्यपूर्ण देखिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचालाई अवलम्बन गरिएको छ । यस अध्ययनमा अस्तित्वबोधका कारण वैयक्तिक निर्णय गरेको मान्छेले भोग्नुपरेका समस्याका कारण निराशा र एक्लोपनको अनुभव गरेको हुन्छ भन्ने कुरालाई तत्त्वमीमांसाका रूपमा ग्रहण गरिएको छ । तत्त्वमीमांसामा सत्य ठानिएका कुरालाई पुष्टि गर्नाका लागि एक पुनर्निर्मित प्रेमाख्यान उपन्यासको सूक्ष्म अध्ययन गरी प्राप्त तथ्यका आधारमा पाठविश्लेषण विधिको उपयोग गरी ज्ञान निर्माण गरिएको छ र सम्भावनालाई खुला राखी शोधदर्शनका बिचमा समन्वय कायम गरिएको छ । यस अध्ययनमा अध्ययनको क्षेत्रसँग सम्बद्ध ध्रुवचन्द्र गौतमको *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासलाई

सामग्रीको आकार र नमुनाको आकारका रूपमा ग्रहण गरिएको छ । सम्भाव्य नमुना छनोटअन्तर्गतको यादृच्छिक नमुना छनोट विधिको उपयोग गरिएको यस अध्ययनमा प्राथमिक स्रोतको सामग्रीका रूपमा विवेच्य उपन्यास रहेको छ भने द्वितीयक स्रोतका सामग्रीका रूपमा उक्त उपन्यासमा भएका पूर्वकार्य र उक्त उपन्यासको विश्लेषणका लागि निर्धारित सिद्धान्तसँग सम्बद्ध सामग्रीहरू रहेका छन् । यिनै प्राथमिक र द्वितीयक स्रोतका सामग्रीबाट तथ्य सङ्कलन गरी यस अध्ययनमा उठान गरिएको प्राज्ञिक जिज्ञासाको समाधान गरिएको छ । अध्ययनका क्रममा उपयोग गरिएका सामग्रीको सङ्कलन पुस्तकालयबाट गरिएको छ । मानिसमा जागृत भएको अस्तित्वबोधको विश्लेषणका लागि वैयक्तिक निर्णय, जीवनप्रतिको निराशा र एक्लोपनलाई अवधारणात्मक ढाँचाका रूपमा उपयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

पाश्चात्य चिन्तन परम्परामा उन्नाइसौँ शताब्दीमा स्थापित आधुनिक जीवन दर्शन अस्तित्ववादले मानिसको जीवनलाई सर्वोच्च महत्त्व दिएको छ । मान्छेले आफ्नो अस्तित्वलाई स्थापित गर्ने प्रयत्न गरिरहेका अवस्थामा अनेक समस्याको सामना गर्न ऊ बाध्य हुन्छ भन्ने कुरालाई यस दर्शनले महत्त्वका साथ उठान गरेको छ । आफ्नो अस्तित्वका लागि क्रियाशील रहँदा भोग्नुपरेका समस्याका कारण उसमा निस्सारता र एक्लोपनको अनुभूति भए पनि अस्तित्वका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा क्रियाशील रहन्छ भन्ने कुरालाई यस दर्शनले स्पष्ट पारेको छ । यस दर्शनको एक मान्यता वैयक्तिक निर्णय हो । मान्छेले निराशा र एक्लोपनको अनुभूति गरे पनि उसमा जागृत अस्तित्वबोधका कारण वैयक्तिक निर्णय गर्दै जीवनमा क्रियाशील रहेको हुन्छ । मान्छेले गर्ने निर्णय शक्ति नै उसको अस्तित्व हो (त्रिपाठी, २०३०/२०४९, पृ. १२१) । मान्छेले आफूलाई बनाउका लागि पटक पटक निर्णय गरेको हुन्छ । यही निर्णयका कारण एकपछि अर्को समस्याको सामना गर्नुपर्दा उसमा जीवनप्रति निराशा र एक्लोपनको भावनासमेत जागृत भएको हुन्छ । मानिसले स्वनिर्मितिका लागि स्वतन्त्र निर्णय गर्न आवश्यक हुन्छ (Sartre, 1947/2007, p. 48)। मानिसले गरेको यही निर्णयले नै जीवनप्रतिको अस्तित्वबोधलाई प्रमाणित गरेको हुन्छ। केही हुनका लागि मानिसले गरेको प्रयत्नलाई उसको स्वतन्त्रताका रूपमा बुझ्न सकिन्छ (प्रधान, सन् १९७१, पृ. ७५) । स्वतन्त्रताले अस्तित्वलाई सुनिश्चित गराउँछ भन्ने कुनै प्रामाणिक आधार नभए पनि मानिसले यसलाई वरण गर्न बाध्य छ। मानिस स्वतन्त्र हुन बाध्य छ (Sartre, n.d., p. 554)। कुनै कुरा छान्नु वा नछान्नु दुवै मानिसको स्वतन्त्रताको विषय भएकाले मानिस अस्वतन्त्र छैन । छनोट गर्ने विषय मानिसका लागि बाध्यकारी रहेको छ । आफूलाई बनाउने कुराबाट मानिस विमुख हुन सक्दैन । आफू केही बन्ने कुराप्रतिको सचेतता नै उसमा जागृत जीवनप्रतिको अस्तित्वबोध हो । यसका लागि उसले वैयक्तिक निर्णय गरेको हुन्छ ।

अस्तित्ववादी दर्शनले प्रस्तुत गरेका विभिन्न मान्यताहरूमध्येको एक जीवनप्रतिको निराशा पनि हो । यसले मान्छेको जीवन निस्सार र निरर्थक छ भन्ने कुरालाई प्रस्तुत गरेको छ। यस्तो अर्थहीन जीवनमा अनेक समस्यालाई भोग्दै बाँच्नुपर्दा उसमा जीवनप्रति वितृष्णाको भावना जागृत भएको हुन्छ। जीवनमा भोग्नुपरेका समस्याका कारण उसले आफूलाई फ्याँकिएको ठानेको हुन्छ (सक्सेना र मिश्र, सन् १९८८, पृ. १७३) । आफ्नो इच्छा विपरीत नै यस धर्तीमा आएको मानिसले भोग्न परेका अनपेक्षित परिणामका कारण उसमा जीवनप्रति निराशाको भावना जागृत भएको हुन्छ । यस्तो अवस्था देखा परे पनि निश्चित उद्देश्य लिई जीवनलाई सार्थक पार्ने प्रयत्न मानिसले गरेको हुन्छ (शर्मा, सन् १९९३, पृ. १०३-१०४) । मानिसले गरेका प्रयत्नका क्रममा भोग्नुपरेका असफलताका कारण नै ऊ जीवनप्रति निराश देखिए पनि आफूलाई बनाउने प्रक्रियाबाट ऊ विचलित हुँदैन । आफूलाई बनाउनका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा क्रियाशील रहँदा उसले पीडा र निराशाको सामना गर्न पर्छ (Sartre, 1947/2007,

p. 27)। आफ्नो इच्छाको पूर्तिका लागि स्वतन्त्र निर्णय गर्दै जीवनमा सक्रिय रहँदा मानिसले भोग्नुपरेका अभाव, अनिश्चितता, समस्या र पीडाका कारण नै उसमा जीवनप्रति निराशाको भावना जागृत भएको हुन्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ।

मानिसले अस्तित्वका लागि क्रियाशील रहँदा आइपरेका समस्याको एक्लै समाधान गर्नुपर्दा उसमा एक्लोपनको अनुभूति भएको हुन्छ भन्ने कुरालाई अस्तित्ववादले महत्त्वका साथ उठान गरेको छ। आफ्नो अस्तित्व स्थापित गर्नाका लागि क्रियाशील रहँदा उसले कसैको सहयोग प्राप्त गरेको हुँदैन (Kaufman, 1956/1960, p. 295)। एक्लै जन्मिएको र मृत्युलाई एक्लै वरण गर्ने मानिसले जीवनमा आफूलाई बनाउनका लागि पनि एक्लै सङ्घर्ष गर्नुपर्छ। मानिसले एक्लै सङ्घर्ष गर्न परेका कारण उसमा एक्लोपनको अनुभूति भएको हुन्छ (शर्मा, सन् १९९३, पृ. १०५)। यही एक्लोपनको अनुभूतिका कारण उसमा जीवनप्रति निराशाको भावसमेत जागृत भए पनि अस्तित्वका लागि कर्मप्रतिको सक्रियता भने निरन्तर रहिरहेको हुन्छ। मानिस आफूलाई बनाउनका लागि स्वतन्त्रता र उत्तरदायित्वलाई एक्लै वहन गर्नुपर्दा एक्लोपनको अनुभव गरेको हुन्छ (Sartre, n.d., p. 556)। आफूले गरेका निर्णयबाट सिर्जित समस्याका क्षणमा अन्य कसैको सहयोग प्राप्त नहुँदा उसमा एक्लोपनको अनुभूति भएको हुन्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ। उसले आफ्नो अस्तित्वका लागि एक्लै सङ्घर्ष गर्नुपर्छ (पाण्डे, २०६२, पृ. ९२)। मानिस यस संसारमा एक्लो भए पनि स्वनिर्मितिका लागि उद्देश्यका साथ जीवनमा सक्रिय रहनुपर्छ। मानिसले जीवनमा आइपरेका सारा समस्यासँग एक्लै सङ्घर्ष गर्नुपर्दा एक्लोपनको अनुभव गर्छ (न्यौपाने, २०८१, पृ. १९८)। मानिसले समस्याका क्षणमा कसैको सहयोग नपाउँदा पीडाको अनुभूति गरे पनि आफ्नो अस्तित्व आफैले प्रमाणित गर्नुपर्छ भन्ने कुराको बोधका कारण नै ऊ जीवनमा क्रियाशील बनेको हुन्छ भन्ने मान्यता अस्तित्ववादको रहेको छ। अस्तित्वबोध भएर नै मानिस जीवनमा कर्ममा लाग्छ भन्ने अस्तित्ववादको मान्यता साहित्य विश्लेषणको महत्त्वपूर्ण आधार भएकाले यसै सिद्धान्तसँग सम्बद्ध वैयक्तिक निर्णय, जीवनप्रतिको निराशा र एक्लोपनलाई यस अध्ययनमा सिद्धान्तका रूपमा उपयोग गरिएको छ।

## विमर्श र नतिजा

नेपाली उपन्यास परम्परामा विभिन्न खालका नवीन प्रयोगहरूलाई सशक्त ढङ्गले अभिव्यक्त गर्ने प्रसिद्ध उपन्यासकार ध्रुवचन्द्र गौतमद्वारा रचित *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा पनि नवीन प्रयोगको प्रस्तुति रहेको छ। प्रमुख पात्रहरू 'म' र 'तिमी' का बिचको संवादैसंवादको शृङ्खलामा उपन्यासको संरचना तयार हुनु यस उपन्यासको नवीन प्रयोगशीलता हो। यस उपन्यासमा यी दुई पात्रका बिचको असफल प्रेमलाई केन्द्रीय कथ्य बनाइएको छ। तिनै पात्रका क्रियाव्यापारका माध्यमबाट अस्तित्ववादी जीवनदृष्टिलाई समेत अभिव्यक्त गरिएको छ। गौतमले उपन्यास लेखनको प्रारम्भदेखि नै मान्छेको जीवनको निस्सारताभित्र नै अस्तित्वको खोजी गर्नुपर्छ भन्ने कुरालाई प्रस्तुत गरी आफूलाई अस्तित्ववादी उपन्यासकारका रूपमा चिनाएका छन्। उनको यो लेखन कौशललाई *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा पनि प्रयोग गरेको देखिन्छ। संवादैसंवादको संयोजन भए पनि शैलीका कारण नाटकको स्वरूपबाट अलग रहेको यस उपन्यासका प्रमुख पात्रले आफ्नो अस्तित्वका लागि एक अर्कासँग प्रेम गरी मन मिलाए पनि जात, संस्कार र सामाजिक हैसियतको बेमेलका कारण उनीहरूको प्रेमले दाम्पत्य जीवनमा परिणत हुने अवसर प्राप्त गर्न नसकेको कुरालाई प्रमुख विषय बनाएको देखिन्छ। मान्छे आफूले गरेको निर्णयले सार्थकता प्राप्त गर्न नसक्दा उसले निस्सारता र एक्लोपनको अनुभव गर्छ भन्ने कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ। उपन्यासका पात्रमा जागृत भएको अस्तित्वबोधलाई वैयक्तिक निर्णय, जीवनप्रतिको

निराशा र एक्लोपनका कोणबाट यहाँ विश्लेषण गरिएको छ ।

## वैयक्तिक निर्णय

*एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासका प्रमुख पात्रहरू 'म' र 'तिमी' ले एक अर्कासँग प्रेम गरी आफ्नो अस्तित्व स्थापित गर्नका लागि गरेको छनोटलाई वैयक्तिक निर्णका रूपमा सकिन्छ । यस उपन्यासमा आर्थिक रूपमा सम्पन्न स्त्री पात्रले दुर्बल आर्थिक अवस्था भएको पुरुष पात्रसँग प्रेम सम्बन्ध स्थापित गरेको सन्दर्भलाई आख्यानीकरण गरिएको छ । पचास वर्षपछि एक कार्यक्रममा भेटिएका यी पूर्वप्रेमीहरूमध्ये पुरुष लेखक र स्त्री सांसद रहेको देखाइएको छ । यिनले आफ्नो आर्थिक सम्पन्नता र विपन्नताका विषयमा चासो नदिए पनि उनीहरूका बिचमा पचास वर्षअघि स्थापित भएको प्रेमको सम्बन्धलाई भनै निकै महत्त्वका साथ संस्मरण गरिरहेका छन् । उनीहरूकै मुखबाट प्रस्तुत भएको तिनका बिचको प्रेमसम्बन्धी विषयले उनीहरू एक अर्कासँग प्रेम गरी अस्तित्व स्थापित गर्ने प्रयत्नमा प्रतिबद्ध रहेका थिए भन्ने कुराको बोध हुन्छ । "प्यास मेटिएपछि मैले टाउको उचालेर हेरेँ । एउटी राम्री केटी कल चलाइरहेकी थिई । त्यो तिमी थियौ । त्यसअगि मैले तिमीलाई देखेकै थिएन । लभ एट फर्स्ट साइट नै थियो त्यो । म तत्काल तिमीमाथि फिदा भएको थिएँ" (गौतम, २०७०, पृ. ५) । युवतीको रूप र सौन्दर्यबाट प्रभावित पुरुष पात्रले उसप्रति देखाएको आकर्षण र युवतीले पुरुषको आफूप्रतिको समर्पणलाई स्वीकार गरेको सन्दर्भले यी दुई पात्र आफ्नो वैयक्तिक अस्मिताका लागि एक अर्काप्रति समर्पित हुने कुरामा निर्णय गरेका हुन् भन्ने कुरा स्पष्ट हुन्छ ।

मानिस आफ्नो अस्तित्वका लागि वैयक्तिक निर्णयमा प्रतिबद्ध रहेको हुन्छ भन्ने कुरालाई *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासका प्रमुख पात्रहरूले पचास वर्षपछि एक कार्यक्रममा अचानक भेट हुँदा पनि आफ्नो पारिवारिक अस्तित्व, सामाजिक प्रतिष्ठा र सेमिनारप्रतिको जिम्मेवारीलाई एकातिर पन्छाई सँगै बसेको सन्दर्भले वैयक्तिक निर्णयलाई स्पष्ट पारिदिएको छ । आफूहरूले पचास वर्षअगि गरेको प्रेमले सार्थकता प्राप्त गर्न नसके पनि आज भेटिएका अवस्थामा उक्त प्रेमलाई पुनर्निर्मित गर्न पाउँदा गौरवको अनुभूति गर्दै एक अर्काप्रति आकर्षित भई निकट बन्ने प्रयत्न गरिरहेका छन् भन्ने कुरालाई उपन्यासको यस उद्धरणले स्पष्ट पारेको छ- "तपाईंसँग भेट्दा यस्तरी भेटिरहेकी छु । ताजा महसुस गरिरहेकी छु । मान्छेले के भन्छन्, वास्ता गरिरहेकी छैन, संवेदनविना यो सम्भव होला ? लोग्ने, छोराछोरीले सुने भने के भन्लान् भन्ने पनि रहेन । .... तपाईंको साथ सुरक्षित मानेर हिँडिरहेकी छु" (गौतम, २०७०, पृ.२२) । उपन्यासकी प्रमुख स्त्री पात्र शतायु थापाको यस अभिव्यक्तिले आफ्नो पुरानो प्रेमीसँग निकट बन्दा आनन्द प्राप्त हुने कुरालाई स्पष्ट पारेकी छ । शतायुले आफ्नो बिहे अर्कैसँग निश्चित भए पनि यदि कुनै सूचना पठाएका भए प्रेमीसँगै जाने थिएँ भन्ने अभिव्यक्तिले आफ्नो प्रेमी आर्थिक रूपमा कमजोर भए पनि उसको हार्दिक प्रेमप्रति आकर्षित रहेकी छ भन्ने कुरालाई पुष्टि गरेको छ । व्यक्ति आफ्नो खुसी, सन्तुष्टि र स्वनिर्मितिका लागि निर्णय गरेको हुन्छ । यद्यपि उसले गरेका सारा निर्णय उसका अनुकूल हुन्छन् भन्ने कुराको कुनै सुनिश्चितता भने हुँदैन । यसो भए पनि आफूलाई बनाउने कुरामा भने ऊ प्रयत्नशील रहन्छ नै । *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा पनि पचास वर्ष पुरानो प्रेमीसँग निकट रहँदा आफूलाई आनन्दको अनुभूति हुने भएकाले शतायुले आफ्नो पूर्व प्रेमीसँग निकट बन्ने प्रयत्न गरेकी हो र पुरुष पात्रले पनि आफ्नी पूर्व प्रेमिका शतायुसँग निकट रहेर आफूलाई खुसी राख्ने प्रयत्न गरेको सन्दर्भलाई प्रस्तुत गरेर यस उपन्यासमा मानिसले आफूलाई अनुकूल हुने कुराको प्राप्तिका लागि निर्णय गर्छ भन्ने कुरालाई पुष्टि गरेको छ ।

*एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासका प्रमुख पात्रहरूले सेमिनारमा नबसी र तीन दिनको ट्रेकिङमा नगई आफ्नै जीवनका अतीतका स्मरणलाई साटासाट गर्ने निर्णय गरेको सन्दर्भले वैयक्तिक निर्णयलाई नै बोध गराएको छ ।

लेखकका रूपमा प्रस्तुत पुरुष पात्र र राजनीतिकर्मीका रूपमा प्रस्तुत स्त्री पात्रलाई दश दिनको सेमिनारमा पठाइए पनि अप्रत्याशित ढङ्गले भेटिएका यी पूर्व प्रेमीप्रेमिकाले एक आपसमा आफ्नो जीवनका कहानीलाई अभिव्यक्त गर्ने निर्णय गरेको सन्दर्भलाई उपन्यासमा प्रस्तुत गरिएको छ । उनीहरू आफ्नो जीवनका अनुभव साटासाट गर्ने कुरालाई प्राथमिकतामा राखेका तर सेमिनारलाई महत्त्व दिएका छैनन् भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले पुष्टि गरेको छ -"हामीले सेमिनार, गोष्ठीका कुरा कहिल्यै गरेनौँ । कतिवटा त मिस गरिसक्यौँ । उनीहरूकै निम्तोमा आएपछि, केही समय त दिनुपर्थ्यो कि (गौतम, २०७०, पृ.३०) ? आर्थिक लगानी गरेर सेमिनारमा पठाइएका यी दुई पात्रमध्ये शतायुको यस अभिव्यक्तिले उनीहरू सेमिनारलाई बेवास्ता गरिरहेका छन् भन्ने कुरालाई पुष्टि गर्छ । मानिस आफ्नो रोजाइलाई प्राथमिकतामा राख्छ र जीवनमा सक्रिय बन्छ । यस उपन्यासका प्रमुख पात्रले पनि आफ्नो अस्तित्व, खुसी र सन्तुष्टिका लागि स्वतन्त्र निर्णय गरेको देखिन्छ। उनीहरू सेमिनारमा नगई आपसमा संवादमा समय व्यतीत गरेको सन्दर्भलाई पनि वैयक्तिक निर्णयका रूपमा बोध गर्न सकिन्छ ।

*एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा प्रमुख पात्रका रूपमा आएका 'म' र 'तिमी' ले गरेको निर्णय र त्यसबाट सिर्जित समस्याको केन्द्रीयतामा यो कृति संरचित छ । उपन्यासका प्रमुख पात्रले एक अर्कासँग प्रेम गर्ने निर्णय गरेका कारण नै उपन्यासमा आएका अन्य घटनाहरू विकसित भएको देखिन्छ । यी दुई पात्रको प्रेम, उक्त प्रेमको असफलता र त्यही असफलताका कारण सिर्जित समस्याको सेरोफेरोमा केन्द्रित रही पात्रका बिचको क्रियाव्यापारका क्रममा जीवनप्रतिको निस्सारता र एक्लोपनको समेत अभिव्यक्ति भएको देखिन्छ। पचास वर्षअगाडिका प्रेमीप्रेमिका आज भेट हुँदा आफ्नो परिवारप्रति वितृष्णा र आफूहरूका बिचको हार्दिकताका विषयमा कुरा गर्नुले यिनीहरू आफ्नो पारिवारिक सम्बन्धबाट सन्तुष्ट छैनन् भन्ने कुरालाई प्रमाणित गरिदिएको छ । मान्छेले छनोट गरेको विषयले सङ्कटमा पार्छ भन्ने अस्तित्ववादी चिन्तनको मान्यता यिनीहरूको जीवनमा पनि स्पष्ट रूपमा अभिव्यञ्जित भएको देखिन्छ । आफ्नो अस्तित्वका लागि गरिएको प्रेमले सार्थकता प्राप्त गर्न नसक्दा यिनका बिचमा निराशा देखिएको कुरालाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ -"हाम्रो प्रेमको त अर्थ भएन-भएन, अब त हाम्रो सम्बन्ध टुट्नुलाई पनि हर्थहीन बनाइदियौ तिमीले" (गौतम, २०७०, पृ.१२१) । उपन्यासमा अर्थको खोजीमा प्रवृत्त पात्रले जीवनलाई व्यर्थ ठान्नुको प्रमुख कारण अपेक्षित कुरा प्राप्त नहुनु नै रहेको देखिन्छ । यी प्रमुख पात्रको गन्थन, गुनासो र जीवनप्रतिको दृष्टिकोण प्रस्तुत हुने कारण यिनका बिचको असफल प्रेम नै रहेको छ । अस्तित्वका लागि गरिएको प्रेम असफल हुँदा यिनमा जीवनप्रति निराशा र एक्लोपनको अनुभूति भएको कुरालाई यस उपन्यासमा केन्द्रीय कथ्य बनाइएको छ । अस्तित्वबोधका कारण आफैले निर्णय गरेका र त्यसैका कारण यिनले समस्या भोगेका हुन् भन्ने कुरालाई उपन्यासका प्रमुख पात्रका क्रियाव्यापारका माध्यमबाट स्पष्ट पारिएको छ ।

### जीवनप्रतिको निराशा

मानिसले गरेको निर्णयले सफलता प्राप्त गर्न नसक्दा उसमा जीवनप्रति नै नराशाको भावना देखा पर्छ भन्ने अस्तित्ववादी जीवनदृष्टिको मान्यतालाई *एक पुनर्निर्मित प्रेमाख्यान*मा प्रमुख पुरुष पात्रले प्रस्तुत गरेका विचारका माध्यमबाट अभिव्यक्त गरेको देखिन्छ । शतायु थापा नामकी प्रमुख स्त्री पात्रसँग प्रेम गर्ने निर्णय गरेपश्चात् आनन्दको अनुभूति गरेको पुरुष पात्र 'म' ले पछि भने एकपछि अर्को समस्याको सामना गर्न बाध्य भएको छ। आफूले अपेक्षा गरेकी पात्र शतायुलाई प्राप्त गरी सुखद दाम्पत्य जीवन बिताउने अभिलाषालाई शतायुका अभिभावकले असफल बनाइदिएका छन् । आर्थिक रूपमा दुर्बल पात्रसँग निकट बन्नु आफूहरूको प्रतिष्ठामा आँच पुग्नु हो भने अर्कातिर शतायुको जीवनसमेत दुःखद बन्नु हो भन्ने कुरालाई दृष्टिगत गरी यी दुई पात्रका बिच

स्थापित प्रेमलाई अवरुद्ध पार्ने काम शतायुका अभिभावकबाट भएको छ । यति मात्र होइन शतायुको बिहे सम्पन्न परिवारको केटासँग अन्यत्र नै गरिदिएको घटनाले समेत 'म' पात्र दुःखी बनेको छ । आफ्नी पूर्व प्रेमिका शतायु थापा पचास वर्षपछि अचानक भेटिँदा आफ्ना पीडा अभिव्यक्त गरेको पुरुष पात्र जीवनमा खुसी छैन भन्ने कुराको बोध हुन्छ । उपन्यासको यस उद्धरणले उक्त कुरालाई सिद्ध गरेको छ -"वास्तवमा म तिमीसित कसै गरी एउटा इनोसेन्ट जीवन बिताउन चाहन्थेँ । त्यो त पाइएन" (गौतम, २०७०, पृ.२७) । आफूले अपेक्षा गरेकी पात्रसँग जीवन बिताउने अभिलाषाअनुरूप उससँग गरेको प्रेमले सार्थकता प्राप्त गर्न नसक्दा 'म' पात्र जीवनमा खुसी र सन्तुष्ट बन्न सकेको छैन भन्ने कुरा उसकै अभिव्यक्तिले प्रमाणित गरिदिएको छ । शतायुसँग प्रेम गरेपछि आर्थिक रूपमा कमजोर पात्रका रूपमा उपेक्षित हुनुपरेको, प्रेम अवरुद्ध भएको, शतायुसँग सम्पर्क विच्छेद भएको तथा जीवन हराभरा हुन नसकेको अनुभव 'म' पात्रले गरेको छ । मानिस आफूले रोजेको विषयलाई प्राप्त गर्न नसक्दा उसको जीवन सुखद हुन सक्दैन र उसमा जीवनप्रति निराशाको भावना देखा परेको हुन्छ भन्ने कुरालाई विवेच्य उपन्यासमा प्रमुख पुरुष पात्रका क्रियाव्यापारका माध्यमबाट सशक्त ढङ्गले प्रमाणित गरेको देखिन्छ ।

मानव जीवनको अर्थहीनतालाई अभिव्यक्त गर्नाका लागि *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा प्रमुख 'म' पात्रका क्रियाव्यापारलाई उपन्यासकारले उपयोग गरेका छन् । शतायुसँगको प्रेममा असफल, लडाइँमा असफल, आर्थिक पक्षमा असफल एवम् परिवारिक ममताबाट वञ्चित पात्रका रूपमा चित्रित 'म' पात्रले जीवनप्रतिको व्यर्थतालाई अभिव्यक्त गरेको छ । आफूलाई बनाउनका लागि गरेका हरेक निर्णय दुर्घटित बनेका कारण नै यस पात्रमा जीवनप्रति निराशाको भावना जागृत भएको देखिन्छ । ऊ जीवनप्रति निराश छ भन्ने कुरालाई उपन्यासको यस उद्धरणले पुष्टि गरेको छ-"म जीवनमा एक टाट मान्छे हुँ, असफलतै असफलताको प्रतिनिधि पात्र, लुजर, अन्डर अचिभर, मृद्ध वृद्ध भन जे पनि मिल्छ । मेरो सारा प्रतिरोधी क्षमता समाप्त भएको छ । ऊर्जारहित कर्जासहित बाँचेको एउटा देशको मृद्ध सर्वसाधारण" (गौतम, २०७०, पृ.७८) । असफलताको भोगाइ मानिसका लागि पीडायुक्त हुन्छ, जसले जीवनप्रति वितृष्णाको भावना जगाइदिएको हुन्छ । 'म' पात्रले अस्तित्वबोधका कारण जीवनप्रति सकारात्मक बन्दै पटक पटक गरेका निर्णयहरूमा विपरीत परिणामको सामना गर्न बाध्य भएका कारण नै उसले जीवनलाई व्यर्थ ठानेको देखिन्छ ।

मानिसले जीवनमा अपेक्षा गरेको कुरा नपाउँदा उसमा जीवनप्रति निराशाको भावना जागृत हुने कुरालाई *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा प्रमुख स्त्री पात्र शतायु थापाका माध्यमबाट समेत गहन रूपमा अभिव्यक्त गरिएको छ । आफूले अपेक्षा गरेको पुरुष 'म' पात्रसँग प्रेम गरे पनि त्यसले सार्थकता प्राप्त गर्न नसकेको पीडा बोकेर यो पात्र जीवनमा बाँचिरहेकी छ । प्रसिद्ध र धनाढ्य व्यापारीसँग बिहे गरेकी एवम् राजनीतिमा लागेर सांसद पदमा आसीन पात्र शतायु आफ्नो जीवनप्रति सन्तुष्ट छैन भन्ने कुरा उसले पूर्व प्रेमी 'म' पात्रसँग गरेका वार्तालापका माध्यमबाट स्पष्ट पारिएको छ । आफ्नो पूर्व प्रेमीले पहिले पठाएका पत्र पढेर रुने गरेका सन्दर्भलाई समेत उपन्यासमा प्रस्तुत गरेर शतायु आफ्नो परिवारसँग खुसी छैन र 'म' पात्रप्रति नै आकर्षित छे तर त्यो प्राप्त हुने सम्भावना नहुँदा जीवनप्रति निराश छे भन्ने कुरा स्पष्ट भएको छ । मानिसलाई खुसी बनाउने कुरा पद र पैसा होइनन्, आफ्नो रोजाइ नै सर्वोत्कृष्ट हो भन्ने कुरालाई शतायुका अभिव्यक्तिले पुष्टि गरेको देखिन्छ । यस पात्रले आफ्नो पतिसँग कृत्रिम हाँसो, प्रेम र जीवन साथीको भूमिकामा बाँचेकी छे भन्ने कुरालाई उसकै यस अभिव्यक्तिले स्पष्ट पारेको छ-"त्यो गर्नुपरेको प्रेम थियो । यो आफै भएको र भइसकेको प्रेम थियो । मेरो ऊसितको क्षणमा पनि तपाइँले कहिल्यै छाड्नुभयो र मनमा आउन ? कहिलेकाहीँ त लाग्दथ्यो, यो के जिन्दगी हो मेरो" (गौतम, २०७०, पृ.३१) ? आफूले प्रेम गर्ने निर्णय गरेको पात्रसँग जीवन व्यतीत गर्न नपाउँदा शतायुमा पीडाको अनुभूति

भएको देखिन्छ । बाध्यताले बाँचेको जीवन, रोजाइको बाँचेको जीवनभन्दा दुःखद, अस्वतन्त्र र प्रभावहीन हुन्छ भन्ने कुरालाई शतायुले प्रस्तुत गरेको जीवनप्रतिको दृष्टिकोणले पुष्टि गरिदिएको छ । झन्डै पचास वर्ष सँगै बसेको पतिसँग शतायु खुसी छैन तर जीवनमा केही समय मात्र प्रेममा आबद्ध भएको 'म' पात्रसँग ऊ प्रफुल्ल छे, खुलेकी छे र यस्तै जीवनको अपेक्षासमेत गरेकी छे । यसो हुनुको कारण धनाढ्य पति उसको रोजाइ होइन तर 'म' पात्र भने उसको रोजाइमा परेको छ । तसर्थ मानिस आफ्नो रोजाइको विषयलाई प्राप्त गर्न असमर्थ रहेका अवस्थामा उसमा जीवनप्रति नै निराशाको भाव देखिएको हुन्छ भन्ने कुरालाई शतायुको जीवन भोगाइ र त्यसप्रतिको उसको दृष्टिकोणले सिद्ध गरेको छ ।

*एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा प्रमुख पात्रहरूले आफ्नो जीवनलाई व्यर्थ ठानिरहेको सन्दर्भलाई आधार बनाएको देखिन्छ । पूर्व लडाकुसमेत रहेको उपन्यासको प्रमुख पुरुष पात्र 'म'ले शतायुविनाको जीवन नीरस र व्यर्थ ठानिरहेको छ भने शतायुले समेत आफ्नो रोजाइमा परेको पूर्व प्रेमीसँग जीवन बिताउन नपाउँदा आफ्नो जीवन व्यर्थ, निराशायुक्त भएको अनुभव गरेको कुरालाई उपन्यासमा प्रस्तुत यस साक्ष्यले स्पष्ट पारेको छ -"तिमी नभएर तकदिर फुटेको जिम्मा कसले लिने नि ? त्यो जिम्मा तकदिरकै हो । म पनि त तकदिरद्वारा नै ठगिएको छु । तिमी कसरी ? म पनि शान्त छैन । छोराहरू टेर्दैनन् । बेअदब छन् बदतमीज" (गौतम, २०७०, पृ.६१) । उपन्यासका प्रमुख पात्रका यी अभिव्यक्तिले उनीहरूको जीवन रमणीय छैन भन्ने कुरालाई प्रमाणित गरिदिएको छ । आफ्नो जीवनमा रोजाइको विषय बनेका यी दुई पात्र एकै ठाउँमा रहन नसक्नु तथा परिवारसँग खुसी नदेखिनुले यिनीहरू जीवनप्रति निराश छन् भन्ने पुष्टि हुन्छ । शतायुलाई छोराहरूले कुट्ने तथा पतिले समेत यातना दिने गरेको सन्दर्भले यो पात्र अरू पीडित बनेकी छे भन्ने कुरा उसकै अभिव्यक्तिले पुष्टि गरेको छ । जीवनबाट विरक्त भएकी शतायुले जीवनप्रति वितृष्णा देखाए पनि उसलाई शान्त्वना दिँदै प्रेमीले बाँच्न प्रेरित गरेको छ । "म तिमीलाई साधारण मृत्यु मरेको देख्न सक्दिनँ, तिमीलाई अमर भएको देख्न चाहन्छु । हाम्रो प्रेम त्यसैका लागि हो (गौतम, २०७०, पृ.६५) । शतायुले जीवनप्रति देखाएको वितृष्णाभावलाई हटाउनका लागि 'म' पात्रले प्रस्तुत गरेको यस विचारले जीवनमा समस्या आए पनि तिनलाई भोग्दै बाँच्नुपर्छ भन्ने सन्देश सञ्चार गरेको छ । आफूहरूको रोजाइले पूर्णता नपाउँदा जीवन व्यर्थ भएको बोध दुवै पात्रले गरे पनि जीवनबाट भाग्न नहुने सन्देश सञ्चार गरेर अस्तित्ववादी चिन्तनलाई अरू सशक्त बनाएको देखिन्छ ।

**एक्लोपन**

*एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासका प्रमुख पात्रहरू 'म' र शतायुले आफ्नो अस्तित्वका लागि गरेका प्रयत्नमा असफल बन्नुपर्दा र कतैबाट सहयोग नपाउँदा एक्लो अनुभव गरेको कुरालाई प्रस्तुत गरिएको छ । यी पात्रले एक अर्कासँग प्रेम सम्बन्ध स्थापित गर्ने प्रयास गरिरहेका अवस्थामा तिनका बिचमा देखा परेको आर्थिक असमानताको नाउँमा अभिभावकबाट तिनको अपेक्षा विपरीतका कार्य गरिएपछि उनीहरूका बिचको हार्दिक प्रेममा बाधा सिर्जना भएको कुरालाई उपन्यासमा विषयबद्ध गरिएको छ । सम्पन्न परिवारकी शतायुलाई सम्पन्न परिवारकै पात्रसँग बिहे गरिदिए पनि र 'म' पात्रले पनि अर्कैसँग बिहे गरे पनि उनीहरू खुसी छैनन् भन्ने कुरालाई उपन्यासको यस साक्ष्यले स्पष्ट पारिदिएको छ-"हामीले सँगै जीवन बिताएका भए, कति सुखी होइन्थ्यो, त्यसको कल्पना गरेकी छ्यो कहिल्यै" (गौतम, २०७०, पृ.१८) ? मानिसले आफ्नो अस्तित्वका लागि गरेको निर्णय र उक्त निर्णयमा व्यवधान सिर्जना हुँदा उसमा जीवनप्रति निराशा र एक्लोपनको अनुभूति भएको हुन्छ भन्ने कुरालाई 'म' पात्रको शतायुसँग जीवन बिताउने अभिलाषालाई कुण्ठित पारिदिएपछिको परिणामले पुष्टि गरिदिएको छ । घर,

परिवार र सम्पत्तिले पूर्ण हुँदा पनि आफूले जीवनमा अपेक्षा गरेको कुराको प्राप्ति नहुँदा तिनका बिचमा एक्लोपनको अनुभूति भएको देखिन्छ। एक्लो हुनु मान्छेको नियति रहेको कुरालाई यस उपन्यासमा प्रस्तुत गरिएको छ (भाउपन्थी, २०७०, पृ. ञ)। सबै भएर पनि केही र कोही नभएको अनुभूति उपन्यासका प्रमुख पात्रलाई हुनुले मानिस आफूलाई बनाउनका लागि गरेको निर्णयका विषयमा व्यवधान उत्पन्न हुँदा उसले जीवनमा एक्लोपनको अनुभूति गर्छ भन्ने कुरालाई यस उपन्यासका प्रमुख पात्रको अभिव्यक्तिले प्रमाणित गरेको देखिन्छ।

मनिसले आफ्नो जीवनमा अपेक्षा गरेको कुरा प्राप्त गर्न नसक्दा एक्लोपनको अनुभव गरिरहेको हुन्छ भन्ने कुरालाई *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासका प्रमुख 'म' पात्रको जीवन भोगाइले स्पष्ट पारेको छ। यो पात्र घरपरिवारसहित बसे पनि खुसी छैन भन्ने कुरा उसकै अभिव्यक्तिले पुष्टि गरेको देखिन्छ। यस पात्रको रोजाइ शतायु थापा हो। यसै पात्रसँग बिहे गरी जीवन भोग गर्ने अपेक्षा गरे पनि आर्थिक असमानताको कारण पूरा हुन सकेको देखिँदैन। नचाहेर पनि अर्कै महिलासँग बिहे गरेर पारिवारिक सम्बन्धमा बाँधिए पनि ऊ परिवारबाट एक्लो छ भन्ने कुरालाई उसकै यस अभिव्यक्तिले पुष्टि गरेको छ-"म कुनै न कुनै तनावमै हुन्छु। यो तनावमा रिलिफ दिने कोही हुँदैन। ....यो उमेरले केयर खोज्छ, त्यही भएन भने एक्लो, उपेक्षित र अपमानको दुनियाँ मात्र हात परेको हुन्छ। तिमी भएकी भए..." (गौतम, २०७०, पृ.३९)। उपन्यासको प्रमुख पुरुष पात्रले आफूलाई जीवनमा एक्लो, असहाय र उपेक्षित ठानिरहेको छ। आफूले रोजेकी र अपेक्षा गरेकी पात्र शतायुबाट अलग हुनुपरेपछि ऊ जीवनमा खुसी छैन। बाहिरी रूपमा पारिवारिक सम्बन्धमा आबद्ध भए पनि उसको मन परिवारसँग बाँधिएको छैन र खुसी पनि साटिएको छैन। उसले आफूलाई एक्लो ठान्दै जीवनप्रति निराश बनेको सन्दर्भलाई उपन्यासको यस उद्धरणले पुष्टि गरेको छ -"मलाई थाहा छैन, म पागल हुन्छु कि भिक्षु ? हेर त, मानिस विदूषकभन्दा पनि केही छ र ? भन्नको लागि म परिवारमा छु, तर म कतै पनि छैन" (गौतम, २०७०, पृ.९५)। यस पात्रले परिवारमा आफू हाँसोको पात्र बनेको ठानेको छ। यस पात्रले आफ्नो रुचि, अपेक्षा, सहयोग र जीवनप्रतिको उत्साह परिवारबाट प्राप्त गर्न नसक्दा असहाय र एक्लो अनुभव गरिरहेको छ। शतायु नै उसको जीवनका लागि खुसी सञ्चार गर्न सक्ने पात्र हो भन्ने कुराको बोध 'म' पात्रमा भएको छ तर त्यो सम्भव देखिएको छैन। यसैको परिणति स्वरूप नै उसले आफूलाई एक्लो ठानिरहको छ। मानिस आफूले रोजेको कुरा प्राप्त गर्न नसक्दा ऊ जीवनप्रति निराश र एक्लोपनामा बाँच्न विवश हुन्छ भन्ने कुरालाई 'म' पात्रको जीवन भोगाइले पुष्टि गरेको छ।

*एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा 'म' पात्रलाई एक्लै सङ्घर्ष गर्नँपरेको विवशतालाई केन्द्रीय कथ्य बनाएको देखिन्छ। यस पात्रको छनोटको विषय शतायु थापा हो। जात, संस्कार र सामाजिक हैसियत नमिले पनि मन मिलेकाले शतायुसँग प्रेम गरे पनि दाम्पत्य जीवनमा प्रवेश गर्ने अवसर प्राप्त हुन सकेको छैन। मूलतः शतायुका अभिभावक यसमा बाधक बनेको देखिन्छ। मानिसले कुनै कुराको निर्णय गर्न स्वतन्त्र छ र निर्णय नगर्नु पनि उसको स्वतन्त्रताको विषय हो। आफूले रुचि नदेखाए पनि बिहे गरेकी पत्नी र जन्मिएका सन्तानबाट उसले खुसी प्राप्त गर्न सकेको छैन। परिवारबाट अपेक्षित मायासमेत यसले प्राप्त गर्न नसक्दा एक्लोपनको अनुभव गर्दै पटक पटक शतायुको स्मरण गरिरहेको कुरालाई उपन्यासको यस साक्ष्यले बोध गराएको छ -"परिवारमा विद्रोही हुन सकिनँ, जीवनमा सफल हुन सकिनँ, कुनै किसिमले पनि" (गौतम, २०७०, पृ.९७)। 'म' पात्रका लागि परिवार उपयुक्त छैन भन्ने कुरा उसकै अभिव्यक्तिले पुष्टि गरिदिएको छ। परिवारका सदस्यबाट भोग्नुपरेको उपेक्षा र अपमानबाट प्रताडित यस पात्रले तिनीहरूका विरुद्ध विद्रोह गर्नुपर्ने आवश्यकताको महसुस गरे पनि त्यसो गर्न नसक्दा थप समस्यामा परेको देखिन्छ। यस पात्रले विद्रोहको कुरा गर्नु, त्यसको आवश्यकताको बोध गर्नु, जीवनमा सफलताको प्राप्ति नभएको बोध गर्नुले उसमा अस्तित्वबोधको भावना रहेको र एक्लोपनको अनुभूतिसमेत भएको छ भन्ने कुरा

बोध हुन्छ। परिवारमा अरू भएर पनि त्यसको अनुभूति गर्न नपाउनु नै एक्लोपन हो जुन 'म' पात्रले बोध गरिरहेको कुरालाई यस उपन्यासमा केन्द्रीय कथ्य बनाएको देखिन्छ ।

## निष्कर्ष

नेपाली उपन्यास सिर्जना परम्परामा अस्तित्ववादी जीवनदृष्टिलाई महत्त्वका साथ अभिव्यक्त गर्ने उपन्यासकार ध्रुवचन्द्र गौतमको *एक पुनर्निर्मित प्रेमाख्यान* उपन्यासमा पनि त्यस दृष्टिलाई प्रस्तुत गरिएको छ। संवादैसंवादको प्रयोग गरी नवीन प्रयोगशीलतालाई उपयोग गरिएको यस उपन्यासका पात्रमा जीवनप्रतिको अस्तित्वबोध भएको कुरालाई केन्द्रीय विषय बनाई प्रस्तुत गरिएको छ । यस उपन्यासमा क्रियाव्यापारमा सक्रिय पात्रले प्रस्तुत गरेका संवादले जीवनप्रतिको दृष्टिकोणलाई अभिव्यञ्जित गरेको देखिन्छ । व्यक्तिले आफूलाई बनाउनका लागि निर्णय गर्दा अनेक समस्याको सामना गर्न बाध्य भएको कुरालाई यस उपन्यासमा सशक्त ढङ्गले प्रस्तुत गरिएको छ । स्वनिर्मितिका लागि गरिएका निर्णयले अपेक्षित परिणति प्राप्त गर्न नसक्दा यस उपन्यासका पात्रमा जीवनप्रति निराशाको भावना जागृत हुनुका साथै एक्लोपनको समेत अनुभव भएको छ। यस उपन्यासका पात्रमा अस्तित्वबोध भएर नै वैयक्तिक निर्णयमा सक्रिय बनेका छन् भन्ने कुरा स्पष्ट हुन्छ। आफूले रोजेको विषय प्राप्त नहुँदा अन्य प्राप्त भएका कुराले मानिसलाई आनन्द प्रदान गर्दो रहेनछ भन्ने कुरालाई यस उपन्यासमा मूल विषय बनाई आख्यानीकरण गरिएको छ। आफूले रोजेको कुरा प्राप्त गर्न नसक्दा मानिसले जीवनप्रति वितृष्णाको भावना दर्साएको हुन्छ । मानिस अपेक्षित व्यक्तिको अप्राप्तिका कारण पारिवारिक सम्बन्धमा रहेर पनि एक्लोपनको अनुभूति गरेको हुन्छ भन्ने कुरालाई यस उपन्यासमा पात्रका क्रियाव्यापारका माध्यमबाट सार्थक पारिएको छ । यस उपन्यासका अस्तित्वशील पात्रले अपेक्षा गरेअनुसारका कुरा प्राप्त गर्न नसक्दा जीवनप्रति निराशा र एक्लोपनको अनुभूति गरेका छन्। जीवनमा भोग्नुपरेका असफलता र एक्लोपनका कारण यस उपन्यासका पात्रले पीडाको अनुभूति गरे पनि तिनमा देखिएको अस्तित्वबोधका कारण समस्यालाई भोग्दै जीवनमा सक्रिय रहनुपर्छ भन्ने कुरालाई सार्थक पारेका छन् । यस उपन्यासका अस्तित्वशील पात्रले अस्तित्वका लागि जडताको अवस्थाबाट असन्तुष्ट भई गरेको छनोटका कारण समस्या, निराशा र एक्लोपनको अनुभूति गरे पनि तिनलाई भोग्दै जीवनप्रति प्रतिबद्ध रहनुले तिनमा अस्तित्वबोधको भावना रहेको छ भन्ने कुरालाई नाटकीकरण गरिएको छ भन्ने निष्कर्ष यस अध्ययनबाट प्राप्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची

गौतम, ध्रुवचन्द्र (२०७०), *एक पुनर्निर्मित प्रेमाख्यान*, साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव (२०३०/२०४९), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २ (तृतीय संस्क), साझा प्रकाशन ।

न्यौपाने, श्रीधर (२०८१), "ध्रुवचन्द्र गौतमका उपन्यासमा अस्तित्ववाद", अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, कीर्तिपुर ।

पाण्डे, ज्ञानू (२०६२), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद, नेपाली आख्यान समाज ।

प्रधान, मच्छिन्द्र (सन् १९७१), 'अस्तिवाद : परिचयन', वार्ताहरू, कुमार प्रधान (सम्पा.), नेपाली साहित्य परिषद् ।

भाउपन्थी (२०७०), 'कालातीत प्रेमानुभूतिक आख्यानको पुनर्निर्माण', *एक पुनर्निर्मित प्रेमाख्यान*, ध्रुवचन्द्र गौतम (लेखक), साझा प्रकाशन ।

शर्मा, रामविलास (सन् १९९३), नयी कविता और अस्तित्ववाद, राजकमल प्रकाशन ।

सक्सेना, लक्ष्मी र मिश्र, सभाजीत (सन् १९८८), अस्तित्ववाद के प्रमुख विचारक, मध्यप्रदेश हिन्दी ग्रन्थ अकादमी ।
Kaufman, W. (1956/1960). *Existentialism from Dostoevsky to Sartre* (12th ed.). Meridian books.
Sartre, J. P. (n. d.). Being and nothingness. Hazel E. Barnes (trans.). University of Colorado.
Sartre, J. P. (1947/2007). Existentialism is a humanism. Yale university press.